# नोभल कोरोना (कोभिड–१९) रोग रोकथाम तथा नियन्त्रणमा सामाजिक संस्था तथा नागरिक संगठनहरुको समन्वय तथा परिचालन सम्बन्धी

# कार्यविधि २०७७

संयोजन

समाज कल्याण परिषद

हरिहर भवन, पुल्चोक, ललितपुर

पार्वत गुरुङ
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रस्तावना :

सन् २०१९ को अन्त्यदेखि चीनको वुहानबाट शुरु भएको कोरोना भाइरस संक्रमणका कारण संसारभरीका प्रायः सबै मुलुकहरु आक्रान्त भइहेका छन् । नेपाल पनि यस महामारीबाट अछुतो रहेन । नेपाल सरकारको मिति २०७६ फागुन १८ गतेको निर्णयबाट माननीय उपप्रधानमन्त्री तथा रक्षामन्त्रीको संयोजकत्वमा नोभल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समन्वय समितिको गठन भएपश्चात कोरोना सम्वन्धी रोकथाम र नियन्त्रण सम्वन्धी विभिन्न कार्यहरु हुँदै आएका छन् ।

यस सन्दर्भमा मिति २०७६ चैत २४ गतेको मन्त्रिपरिषद्को निर्णयबाट विभागीय मन्त्रीलाई कोभिड २०१९ को संक्रमण, रोकथाम, नियन्त्रण र उपचार अभियानमा लाग्न विशेष जिम्मेवारी प्रदान गरिएअनुसार माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीलाई सामाजिक संघ, संस्थाहरुको समन्वय र परिचालन गर्ने जिम्मवारी दिइएको छ । उक्त जिम्मेवारीलाई कार्यान्वयन गर्नको लागि कोरोना भाइरस संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको बारेमा सुधार, सम्वोधन गर्न एवं सामाजिक संघ संस्थाहरु परिचालन गर्ने सम्वन्धी कार्ययोजना, २०७७ जारी गरिएको छ । सोही कार्ययोजनाको दफा ६ को अधिकार प्रयोग गरी निर्देशक समितिको निर्णयाअनुसार यो कार्यविधि जारी गरिएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम नोभल कोरोना (कोभिड १९) संक्रमण रोकथाम तथा नियन्त्रण अभियानमा सामाजिक संघसंस्था तथा नागरिक संगठनहरुको समन्वय तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

(२) यो कार्यविधि कोरोना भाइरस संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुबारे सुधार र सम्वोधन गर्न सामाजिक संघ संस्थाहरु परिचालन गर्ने सम्वन्धी कार्ययोजना, २०७७ अन्तर्गतको निर्देशक समितिद्वारा स्वीकृती गरेपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) **"कार्यविधि"** भन्नाले नोभल कोरोना (कोभिड १९) संक्रमण रोकथाम तथा नियन्त्रण अभियानमा सामाजिक संघ-संस्था तथा नागरिक संगठनहरुको समन्वय तथा परिचालन सम्बन्धी कार्यविधि, २०७७ लाई जनाउँछ ।

पार्वत गुरुङ्
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) **"निर्देशक समिति"** भन्नाले दफा (४) बमोजिम गठित कोभिड-१९ संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको बारेमा सुधार र सम्बोधन गर्न तथा रोकथाम तथा नियन्त्रणमा सामाजिक संघ-संस्था परिचालन गर्न गठित निर्देशक समितिलाई जनाउँछ ।

(ग) **"परिषद्"** भन्नाले समाज कल्याण ऐन २०४९ अनुसार संस्थापीत समाज कल्याण परिषद्लाई बुझाउँछ ।

(घ) **"मन्त्रालय"** भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयलाई बुझाउँछ ।

(ङ) **"समिति"** भन्नाले कार्यविधिको दफा (४) बमोजिम गठित परियोजना स्विकृति तथा संघ-संस्था परिचालन समन्वय समितिलाई बुझाउँछ ।

(च) **"सामाजिक संघ-संस्था तथा नागरिक संगठन"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई समाजकल्याण परिषद्मा समेत आवद्ध भएका गैरसरकारी सामाजिक संघसंस्था तथा नागरिक संगठनहरुलाई बुझाउँछ । यसै प्रावधानले यस बुँदामा उल्लिखित संघ-संस्थाहरुलाई समाज कल्याण परिषद्मा परियोजना सम्झौता गरी आर्थिक र प्राविधिक सहयोग पुऱ्याउने अन्तर्राष्ट्रिय संघ-संस्थालाई समेत बुझ्नुपर्दछ ।

(छ) **"महासंघ वा सञ्जाल"** भन्नाले विभिन्न संघ-संस्थाको छाता संगठनलाई बुझाउँछ ।

(ज) **"लाभान्वित समूह"** भन्नाले विपद्को जोखिममा रहेका महिला, बालबालिका अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकलाई बुझाउँछ ।

(झ) **"अन्तराष्ट्रिय गैर सरकारी सस्था"** भन्नाले परिषद्सँग साधारण तथा परियोजना सम्झौता गरि काम गर्ने अन्तर्राष्ट्रिय गैर सरकारी सस्थालाई बुझाउँछ ।

(ञ) **"गैर सरकारी संघ-संस्था"** भन्नाले कानून बमोजिम दर्ता भई समाज कल्याण परिषद्बाट परियोजना स्वीकृत गरी काम गर्ने संघ-संस्थालाई जनाउँछ ।

(ट) **"परियोजना सम्झौता"** भन्नाले कानून बमोजिम समाज कल्याण परिषद् र अन्तर्राष्ट्रिय गैर सरकारी सस्थावीच भएका वा हुने परियोजना सम्झौतालाई बुझाउँदछ ।

(ठ) **"साधारण संझौता"** भन्नाले कानून बमोजिम समाज कल्याण परिषद् र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थावीच भएको वा हुने साधारण सम्झौतालाई बुझाउँदछ ।

(ड) **"परियोजना"** भन्नाले कानून बमोजिम समाज कल्याण परिषद्द्वारा स्वीकृत गरिने गैर सरकारी संघ-संस्थाका परियोजनालाई जनाउँछ ।

(ढ) **"कोभिड १९"** भन्नाले कोरोना भाइरसको छोटकरी नामलाई बुझाउँछ ।

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

मन्त्री

(ण) **"कोष"** भन्नाले संघीय, प्रदेश र स्थानीय सरकारले स्थापना गरेको राहत कोष सम्झनुपर्दछ ।

३) **उद्देश्य** : यस कार्यविधीको देहाय बमोजिमको उद्देश्य रहेकोछ :

(क) कोरोना भाइरस संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको बारेमा सुधार र सम्बोधन गर्न एवं रोकथाम तथा नियन्त्रणमा सामाजिक संघ-संस्थाहरु परिचालन गर्ने सम्बन्धी कार्ययोजना, २०७७ मा तोकिएका कार्यहरु गर्ने ।

(ख) निर्देशक समितिले गरेका निर्णय तथा निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ग) कोभिड १९ संक्रमणबाट नागरिकहरुमा परेको र पर्न सक्ने असरहरुको रोकथाम तथा नियन्त्रणमा नेपाल सरकारलाई सहयोग गर्न सामाजिक संघ-संस्थाहरुको परिचालन तथा व्यवस्थापन गर्ने गराउने ।

(घ) विद्यमान विश्वव्यापी महामारी कोभिड-१९ अवस्थामा संकटासन्न व्यक्ति र समूहमाथि हिंसा, बेचबिखन, दुर्व्यवहार, शोषण, विभेद, संरक्षण विहीनता तथा बेवास्ता हुन नदिन आवश्यक प्रतिकार्य व्यवस्थित गरी आपत्कालीन सेवा उपलब्ध गराउन सामाजिक संघ सस्थालाई परिचालन गर्ने ।

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाको श्रोतसाधन तथा संरक्षण सेवालाई कोभिड-१९ संक्रमणबाट प्रभावित सङ्कटासन्न व्यक्ति, वर्ग, समूह तथा समुदायको संरक्षण एवं व्यवस्थापन गर्ने कार्यलाई एकीकृत प्रणालीमा परिचालन गर्ने ।

(च) जोखिम न्यूनीकरण गर्ने, पूर्व तयारी, प्रतिकार्य तथा पुनर्लाभका लागि सरकारका तीनवटै तहमा समन्वय र सहकार्य गरी लाभान्वित व्यक्ति, समूहसम्म पुग्नसक्ने गरि गैरसरकारी संघ संस्थाको परिचालन गर्ने गराउने ।

(छ) नीति नियमको विकास र कार्यान्वयन, समन्वय तथा सूचना व्यवस्थापन, लक्षित समूहको कानूनी संरक्षण, सेवाप्रदायक निकाय, संघसंस्था तथा स्वास्थ्यकर्मीहरुको क्षमता विकास तथा आवश्यकताअनुसार विषयगत जस्तै लैंगिक हिंसा, बाल संरक्षण, मनोविमर्श आदि जस्ता क्षेत्रहरुमा व्यवस्थित गर्न क्रियाशील रहने ।

**४. समन्वय र परिचालन** : (१) दफा ३ मा उल्लेखित उद्देश्य पूरा गर्न सामाजिक संघसंस्था तथा नागरिक संगठनहरुको प्रभावकारी परिचालन र व्यवस्थापनको लागि देहाय बमोजिम समन्वय र परिचालन समिति रहने छ ।

पार्वत गुरुङ
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | |
|---|---|
| राष्ट्रिय योजना आयोगका सम्बन्धित क्षेत्र हेर्ने माननीय सदस्य | संयोजक |
| गैरसरकारी संस्था महासंघ, अध्यक्ष | सहसंयोजक |
| मानवअधिकार एलाइन्स, अध्यक्ष | सदस्य |
| सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, अध्यक्ष | सदस्य |
| खानेपानी तथा सरसफाई उपभोक्ता महासंघ, अध्यक्ष | सदस्य |
| राष्ट्रिय सिचाईं जल उपभोक्ता महासंघ, अध्यक्ष | सदस्य |
| सामुदायिक विद्युत् उपभोक्ता महासंघ, अध्यक्ष | सदस्य |
| राष्ट्रिय दलित गैसस महासंघ, अध्यक्ष | सदस्य |
| राष्ट्रिय अपाङ्ग महासंघ, अध्यक्ष | सदस्य |
| सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ, अध्यक्ष | सदस्य |
| निजी तथा पारिवारिक वन महासंघ, अध्यक्ष | सदस्य |
| ज्येष्ठ नागरिक महासंघ, अध्यक्ष | सदस्य |
| सामुदायिक रेडियो प्रसारक संघ, अध्यक्ष | सदस्य |
| उपभोक्ता हित संरक्षण मञ्च, अध्यक्ष | सदस्य |
| राष्ट्रिय भूमिअधिकार मञ्च, अध्यक्ष | सदस्य |
| विपद् व्यवस्थापन राष्ट्रिय सञ्जाल, अध्यक्ष | सदस्य |
| मानवीय जवाफदेहिता अनुगमन अभियान, अध्यक्ष | सदस्य |
| वियोण्ड वेइजिङ कमिटी (वीवीसी), अध्यक्ष | सदस्य |
| संकल्प, अध्यक्ष | सदस्य |
| राष्ट्रिय युवा परिषदमा आवद्ध सामाजिक संघसंस्था सञ्जाल, अध्यक्ष | सदस्य |
| शिक्षाका लागि राष्ट्रिय अभियान, अध्यक्ष | सदस्य |
| बालहिंसाविरुद्ध क्रियाशील राष्ट्रिय कार्य समन्वय समूह (एनएसीजी नेपाल), अध्यक्ष | सदस्य |
| सामाजिक सुरक्षा नागरिक समाज सञ्जाल, अध्यक्ष | सदस्य |
| शान्तिका लागि साझा अभियान नेपाल (कोक्याप), अध्यक्ष | सदस्य |
| महिला तथा बालबालिका बेचविखनविरुद्ध सहकर्मी समूह नेपाल (एट्वीन), अध्यक्ष | सदस्य |
| युवा संस्था महासंघ नेपाल (आयोन), अध्यक्ष | सदस्य |
| महिला मानवअधिकार रक्षक सञ्जाल, अध्यक्ष | सदस्य |
| एकल महिला सञ्जाल, अध्यक्ष | सदस्य |

पर्वत गुरुङ
मन्त्री

| | |
|---|---|
| युथ एड्भोकेसी नेपाल, अध्यक्ष | सदस्य |
| विद्यालय शान्ति क्षेत्र अभियान, अध्यक्ष | सदस्य |
| राष्ट्रिय सुरक्षित आप्रवासन नेटवर्क, अध्यक्ष | सदस्य |
| सदस्य सचिव, समाज कल्याण परिषद्, अध्यक्ष | सदस्य सचिव |

(२) समितिले आवश्यकतानुसार संघीय तथा प्रदेश संसद्का संसदीय समितिका सभापति तथा सदस्यहरु, जिल्ला समन्वय समिति महासंघका प्रमुख एवं प्रतिनिधि, नगरपालिका महासंघका प्रमुख एवं प्रतिनिधि, गाउँपालिका महासंघका प्रमुख एवं प्रतिनिधि, विभिन्न अहोदामा रहेका व्यक्ति, विकास साझेदार संस्था, अन्तर्राष्ट्रिय गैरसरकरी संस्था तथा विज्ञ-विशेषज्ञहरु आमन्त्रित सदस्यका रुपमा आमन्त्रण गर्न सकिनेछ ।

(३) समितिको बैठक आवश्यकतानुसार प्रत्यक्ष वा अनलाइनको माध्यमबाट समेत बस्न सक्नेछ । बैठकको आयोजना समाज कल्याण परिषदको समन्वयमा विषयवस्तुको गाम्भीर्यता र आवश्यकताका आधारमा महासङ्घ तथा सञ्जालहरुले आलोपालो रुपमा आयोजना गर्न सक्नेछन् ।

(४) समितिको बैठकको कार्यविधि आफैं निर्धारण गर्नेछ ।

(५) सचिवालयको गठन समितिको निर्णयले तोके बमोजिम हुने तथा कार्यालय समाज कल्याण परिषदमा हुनेछ । परिषदले आवश्यक कर्मचारी व्यवस्थापन, समन्वय तथा सहकार्यको कार्य गर्नेछ । साथै समितिले विभिन्न कार्यदलहरु बनाई काम गर्न सक्नेछ ।

५. **समितिको काम, कर्तव्य र अधिकार :** (क) दफा (३) मा उल्लेखित उद्देश्य पूरा गर्न सामाजिक संघसंस्था र नागरिक संस्था परिचालनको मोडालिटी तयार गर्ने ।

(ख) समाज कल्याण परिषद् तथा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सामाजिक संघ संस्थाहरुले गर्ने कोभिड २०१९ सँग सम्वन्धित कार्यक्रम, बजेट पहिचान र कार्यान्वयन गर्ने व्यवस्था गर्ने ।

(ग) कोभिड-१९ संक्रमणसँग सम्वन्धीत नेपाल सरकारको नीति तथा कार्यक्रमहरुलाई सहयोग गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था तथा परियोजनाहरुको कामको प्रकृति, उद्देश्य तथा कार्यक्षेत्रका आधारमा जिम्मेवारी बाँडफाँड गरी तत्कालीन, अल्पकालीन र दीर्घकालीन कार्यक्रम, रणनीति तर्जुमा गरि निर्देशक समितिमा पेश गर्ने तथा कार्यन्वयन गर्ने गराउने ।

पार्वत गुरुङ
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरवार, काठमाडौं

(घ) विद्यमान सेवाको नितिगत विकास तथा विश्लेषण, अन्तर (ग्याप), दोहोरोपन, आवश्यकताको पहिचान, संयन्त्रको प्रभावकारिता आदि कार्यको अध्ययन विश्लेषण गरि निर्देशक समितिमा सुझाव पेश गर्ने ।

(ङ) संघीय, प्रदेश र स्थानीय सरकारले स्थापना गरेको राहत कोषहरुमा रकम जम्मा गर्न चाहने राष्ट्रिय तथा अर्न्तराष्ट्रिय सामाजिक संस्थाहरुलाई समन्वय एवं व्यवस्थापन गर्न सहयोग गर्ने ।

(च) विपद्को अवस्थामा संकटासन्न व्यक्ति तथा समूहको न्यूनतम मानवीय आवश्यकता पूर्तिगर्नको लागि आवश्यक कार्य गर्ने गराउने तथा विपद् पूर्वतयारी, प्रतिकार्य र पुन:लाभका कार्यहरुलाई संरक्षणमैत्री बनाउने ।

(छ) सामाजिक संघ संस्थाहरु मार्फत प्राप्त हुने सहयोगलाई प्राथमिकता क्षेत्र अनुसार वितरणको लागि परिचालन गर्ने तथा अभिलेखीकरण गर्ने,

(ज) महिला मैत्री, अपाङ्गता मैत्री, बाल मैत्री, जेष्ठ नागरिक मैत्री स्थल संचालन निर्देशिका, विपद्को बेला लैंगिक हिंसा रोकथाम सेवा संचालन व्यवस्था, मनोसामाजिक परामर्श सेवा संचालन सम्वन्धि व्यवस्था लगायतका कानुनी नीति तर्जुमा गर्न सहयोग गर्ने तथा जानकारी मुलक सामाग्री प्रकाशन गर्ने गराउने ।

(झ) संवेदनशील तथा उच्च जोखिममा रहेका वर्ग तथा समुदायको तथ्यांक संकलन गर्ने,

(ञ) मन्त्रालय तथा यस कार्यविधी अन्तर्गतका विभिन्न संघसंस्था तथा नागरिक संगठनले गरेका कार्यसम्बन्धि उचित समन्वय, सहजीकरण गर्ने ।

(ट) दीगो विकास, जीविकोपार्जन, खाद्य तथा पोषण सुरक्षा, उद्यमशीलता, मूल्यश्रृखलाको विकास र व्यवस्थापनमा मद्दत पुग्ने कार्यहरु गर्ने गराउने ।

(ठ) संकटासन्न वर्ग तथा समूहको विरुद्ध हुने हिंसा, विभेद लगायतका कानुनी सवालहरुमा कानुनी संरक्षण प्रदान गर्ने गराउने ।

(ड) पुनर्स्थापना सम्वन्धि कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(ढ) निर्देशक समितिको निर्देशन बमोजिम तोकिएको कार्य गर्ने ।

**६. एकद्वार प्रणाली** : सामाजिक संस्था तथा नागरिक संगठनहरुले कोभिड २०१९ लाई केन्द्रित गरी सञ्चालन गर्ने हरेक गतिविधि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको समन्वयमा हुनेछ । यस प्रावधानले सामाजिक क्षेत्रबाट संघीय तहमा विषयगत मन्त्रालय, प्रदेश तथा स्थानीय तहसँग समन्वय गर्नुपर्ने गतिविधिलाई समेत बुझाउछ ।

पार्वत गुरुङ
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

७. **कार्यक्रमको विवरण तथा प्राथमिकिकरण** : नेपाल सरकारको विपद् लक्षित कार्यक्रममा टेवा पुग्ने गरी सामाजिक संस्था तथा नागरिक संगठनहरुले सञ्चालन गर्ने कार्यक्रमहरुलाई तत्काल, मध्यकाल र दीर्घकाल गरी तीनभागमा बाँडेर सञ्चालन गरिनेछ । (यसको विवरण अनुसूची १ मा संलग्न गरिएको छ ।)

८. **राहत सम्बन्धी व्यवस्था तथा अनुगमन** : (१) नेपाल सरकारबाट तोकिएको वा स्वीकृत मापदण्ड बमोजिम राहत उपलब्ध गराउने कार्यमा सामाजिक क्षेत्र मार्फत कोभिड २०१९ सँग राहत सम्वन्धित गतिविधि सञ्चालन गर्दा तीन तहका सरकारले तोकेका क्षेत्र, समुदाय तथा परिवारलाई सम्बन्धित पालिकाहरुसँग सहमति र सहकार्य गरेर कार्य गरिनेछ ।

(२) अन्य खालका प्रकोपको तुलनामा यो प्रकोपको प्रकृति फरक भएको सन्दर्भलाई ध्यानमा राखी राहत वितरणमा जोड दिइनेछ । परिवारको खाद्य आपूर्ति, स्वास्थ्य उपचार, स्वास्थ्य तथा सरसफाइ सामाग्री उपलब्ध गराउन, कोठाभाडा तिर्न, न्यूनतम पारिश्रमिक उपलब्ध गराउन आदि ।

८. **परियोजना व्यवस्थापन** : सामाजिक संस्था तथा नागरिक संगठनहरुले हाल कार्यान्वयन गरिरहेका अधिकांश परियोजनाहरुलाई आफ्ना कार्यतालिका बमोजिम कार्यान्वयन गर्ने अवस्था नभएकाले हाललाई परियोजनाहरुलाइ लचिलो बनाइ कोभिड २०१९ सँग सम्बन्धित क्षेत्रमा केन्द्रित गर्ने नीति लिईनेछ । यसो गर्नका लागि आवश्यक प्रकृया पूरा गर्न सामाजकल्याण परिषद् तथा सम्बन्धित दातृ संस्थासँग समन्वय गर्नु पर्नेछ । अर्न्तराष्ट्रिय संस्थाहरुले स्वीकृत भई नेपाल भित्र आई सकेका वा आउने प्रकृयामा रहेका परियोजनालाई कोभिड २०१९ रोकथाम, नियन्त्रण र यसको प्रभावको क्षेत्रमा खर्च गर्ने गरी आवश्यक व्यवस्था मिलाइनेछ ।

९. **अनुगमन तथा प्रतिवेदन** : समितिले यस कार्यविधीको उद्देश्य अनुसार नियमित रुपमा अनुगमन मूल्यांकन, रिपोर्टिंग गर्नेछ साथै यस समिति अन्तर्गत भएगरेका सम्पूर्ण गतिविधिहरुको प्रतिवेदन नियमित रुपमा समाज कल्याण परिषद् र निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ ।

११. **संशोधन** : निर्देशक समितीले यस कार्यविधि वा यसको अनुसूचीमा आवश्यकता अनुसार कुनै व्यवस्था थपघट वा संशोधन गर्न सक्नेछ । यस कार्यविधिमा उल्लेखित कुनै कुराको व्याख्या गर्दा अष्पस्ट भएमा निर्देशक समितीले निर्णय गरे बमोजिम हुनेछ ।

पार्वत गुरुङ
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

११. **खारेजी तथा बचाउः** यस कार्यविधिमा भएका व्यवस्थाहरु यस कार्यविधि बमोजिम नै हुनेछ । यसमा नभएका व्यवस्थाहरु प्रचलित कानून बमोजिम हुनेछ ।

पार्वत गुरुङ
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं

दफा ७ संग सम्बन्धित

## अनुसूची १

### (कार्यक्रमको विवरण तथा प्राथमिकीरण)

१ तत्काल गर्नुपर्ने

(क) सुरक्षा सतर्कता एवं जनचेताना सम्वन्धि कार्यक्रम : कोभिड १९ को रोगथाम, नियन्त्रण र बच्ने उपाय सम्बन्धी नेपाल सरकारले जारी गरेको सर्कुलर, मापदण्ड, प्रक्रिया आदिलाई ( लकडाउनका नियमहरु, सामाजिक तथा व्यक्तिगत दुरी, सरसफाई, क्वारेन्टिन र आइसोलेसनमा बस्ने नियमहरु आदि) गाँउ र टोलहरुसम्म पुऱ्याउने, सामुदायिक संगठनहरुलाई व्यापक रुपमा परिचालन गरी घरपरिवारसम्म जनचेतना जगाउने कार्य गरिनेछ ।

(ख) राहत वितरण कार्यक्रम संचालन गर्ने: कोभिड १९ बाट प्रभावितहरुलाई सरकारी तथा गैहसरकारी संघसंस्था लगायतका अन्य निकायहरुबाट राहत वितरण गर्दा, उद्दार गर्दा वा उपचार, क्वारेन्टाईन, आइसोलेशनमा रहने बस्ने क्रममा महिला, बालबालिका, अपांङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरुमा हिंसा, दुर्व्यवहार, शोषण, विभेद, वेचविखन, अपहेलना जस्ता कार्य हुन नदिन विभिन्न कार्यक्रम संचालन गर्न समन्वय गर्ने कार्य गरिनेछ ।

(ग) जनजिविका सम्वन्धी : दैनिक ज्यालादारी, औपचारिक/अनौपचारिक तथा असंगठित क्षेत्रमा काम गर्ने श्रमिक, आप्रवासी श्रमिक तथा तिनका परिवार, सिमान्तिकृत समुदाय जस्तै महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला, यौनिक अल्पसंख्यक, गर्भवती, सुत्केरी, अशक्त तथा बिरामी एवं दुर्गम तथा बिकट क्षेत्रका जनतालाई प्रथमिकतामा राखी स्वास्थ्य सुरक्षा, उपचार गराउने कार्यमा सहयोग गर्ने तथा राहत वितरण गर्ने, सो को लागि सहयोग, समन्वय तथा सहजीकरण गर्ने गराउने कार्य गरिनेछ ।

(घ) जनस्वास्थ्य: स्वास्थ्य संस्था वा क्वारेण्टाईन लगायतका सरकारले तोकेका स्थानहरुमा स्वास्थ्य उपकरण, उपचार सामग्री तथा प्रविधि, बिरामी, स्वास्थ्यकर्मी, स्वास्थ्य सेवामा संलग्न कर्मचारी तथा श्रमिकहरुको लागि आवश्यक खाद्यान्न, सुरक्षा र सरसफाईका सामाग्री लगायतका सामाग्री तथा सेवा उपलब्ध गराउने तथा तिनको प्रभावकारिता बारे पुनरावलोकन गर्ने, गराउने काम गर्ने गराउने कार्य गरिनेछ । यसप्रकारको कार्य गर्दा नेपाल

नेपाल सरकार महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सिंहदरबार, काठमाडौं

पार्वत गुरुङ मन्त्री

सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले निार्धारण गरेको विधि र प्रकृयाको सीमाभित्र रही गर्नु पर्नेछ ।

(ङ) शिक्षा : विद्यालय तथा उच्च शिक्षामा रोकिएको पठनपाठन सुचारु गर्नका लागि रेडियो, टिभी, इण्टरनेटका विभिन्न माध्यमबाट अनलाइन कक्षाहरुको व्यवस्था गरी अध्ययन, अध्यापनको कार्यलाई सुचारु गर्न सामाजिक संघ संस्था परिचालन गर्ने गराउने । यस क्षेत्रसँग सम्बन्धित रहेर प्रवर्द्धनात्मक कार्यहरुमा सहयोग गर्ने गराउने कार्य गरिनेछ । उक्त कार्य गर्दा नेपाल सरकार, शिक्षा मन्त्रालयले निार्धारण गरेको विधि, प्रकृया र पाठ्यक्रमको सीमाभित्र रही गनुपर्नेछ ।

(च) कृषि : वीउ, विजन, पशुपालन तथा जडीबुटीको उपयोग तथा प्रयोग सम्बन्धी आवश्यक सहयोग तत्काल गर्नु गर्ने भएकाले संघ संस्थाहरुले यस्ता कामहरुलाई सहयोग र प्रवर्द्धन गर्ने गराउने कार्य गरिनेछ । उक्त कार्य गर्दा नेपाल सरकार, कृषि तथा पशुपक्षी मन्त्रालयले निर्धारण गरेको विधि र प्रकृयाको सीमाभित्र रही गर्न पर्नेछ ।

(छ) खानेपानी, सरसफाई, तथा स्वच्छता सम्बन्धी कामहरुलाई व्यापक रुपमा प्रवर्द्धन गरिनेछ ।

(ज) आवश्यकता अनुसार स्वयंसेवक परिचालन गर्ने गराउने ।

(झ) कोभिड १९ प्रभावितहरुलाई लक्षित गरि प्रत्यक्ष वा अनलाईन वा अन्य कुनै संचारका माध्यामद्धारा मानसिक स्वास्थ्य, मनोसामाजिक सहयोग, मनोपरामर्श उपलब्ध गराउने लगायतका आवश्यक सुचना जानकारी प्रवाह गरिनेछ ।

(ञ) सम्वन्धित संघसंस्था तथा निकायहरु संग समन्वय गरि संकटासन्न वर्ग तथा समूहको विरुद्ध हुने हिंसा, विभेद लगायतका कानुनी सवालहरुमा निःशुल्क कानुनी सहायता सेवा, कानुनी संरक्षणका कार्यक्रम, लैंगिक र बालबाालिका विरुद्धको हिंसा रोकथाम र प्रतिकार्यहरु संचालन गर्ने गराउने साथै सो को लागि छलफल, समन्वय, पैरवी गर्ने गराउने कार्य गरिनेछ ।

### ७.२ मध्यकालीन कार्यक्रमहरु

(क) कोभिड १९ को रोगथाम, नियन्त्रण र बच्ने उपाय सम्बन्धी नेपाल सरकारले जारी गरेको प्रक्रियाहरुलाई अवलम्बन गर्दै कृषि सम्बन्धी राहत, बीउ, विजनको उपलब्धता, बजार व्यवस्थापन एवं वितरण गर्ने व्यवस्था गर्ने गराउने सहयोग गरिनेछ । तत्काल उत्पन्न हुन सक्ने खाद्यान्न तथाल पोषण संकट कम गर्नको लागि सहयोगी हुने कार्यक्रमहरु जस्तै

पार्वत गुरुङ्ग
मन्त्री

खाद्यान्न निर्यातमा रोक लगाउने, कृषि तथा पशुपंछीको उत्पादकत्व बढाउने, कृषि औजारहरुको वितरण, वजार व्यवस्थापन, तालिम लगायतका कृषि तथा पशुपंछीसंग सम्वन्धित तत्काल लाभ हुने गतिविधिहरु संचालन गरिनेछ ।

(ख) कोभिड १९ ले नागरिकहरुको जिविकोपार्जनमा पार्न सक्ने असरहरुलाई मध्यनजर गरि आयआर्जन सम्वन्धी कार्यकमहरु जस्तै कृषि, पशुपालन, सीपमुलक तथा उद्ययमशीलता प्रवर्द्धनमा सहयोग गरिनेछ ।

(ग) देशमा रहेको युवा जनशक्ति वा बैदेशिक रोजगारीबाट फर्केको व्यक्तिहरुलाई रोजगारी तथा आयआर्जन गर्नसक्ने उत्पादनमूलक तथा व्यवसायमूलक कार्य गर्न सहयोग गर्ने ।

(घ) हाल देशमा रहेको युवा जनशक्तिलाई देशमै रोजगारी प्रदान गर्ने खालका रोजगारी प्रर्वद्धनात्मक कार्यक्रमहरुलाई विशेष जोड दिइनेछ ।

(ङ) ग्रामीण अर्थतन्त्र पुर्नजिवित कार्यक्रम: कोभिड १९ ले आर्थिक क्षेत्रलाई नकारात्मक प्रभाव पारि सकेको सन्दर्भमा संघ संस्थाहरुले गर्ने कामलाई ग्रामीण अर्थतन्त्र पुर्नजिवित गर्ने खालका कार्यकमहरुलाई प्रोत्साहित गरिनेछ ।

### ७.३ दीर्घकालीन कार्यक्रमहरु

(क) दीर्घकालीन रोजगारी सिर्जना सम्वन्धी : युवा सीप आर्जन तथा उत्पादनसँग जोडिने कामहरुलाई प्रवर्द्धन गरिनेछ ।

(ख) जनस्वास्थ्य, शिक्षा, कृषि, सामुदायिक वन श्रोतको दिगो व्यवस्थापन तथा समुचित उपयोग जस्ता समाजिक चेतना तथा उत्पादनमुलक कार्यमा जोड दिईनेछ।

(ग) प्रकोप व्यवस्थापन सम्वन्धी चन जेतना, तालिम र नीतिगत संवाद संचालन गरिनेछ ।

पार्वत गुरुङ
मन्त्री

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं